नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(पर्सा)
वीरगंज

प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
स.प्र.जि.अ ५२-३०४७
०५१-५२४०६६

पत्र संख्या : स्था. प्र.०७७/७८
च.नं. :

## सतर्कतापूर्वक ईद पर्व मनाउने सम्बन्धी सूचना

## सूचना प्रकाशित मिति :२०७८-०१-२९

नयाँ भेरियन्ट सहितको दोस्रो लहरको कोभिड-१९ महामारी विश्वभर फैलिरहेको र हामी पनि यसबाट अछुतो नरहेको सबैमा विदित नै छ। यसै सन्दर्भमा स्वावस्थ्य सुरक्षा मापदण्ड र सतर्कता अपनाई यसको रोकथाम र नियन्त्रणमा सबै जुट्नुपर्ने अवस्थालाई मध्यनजर गरी अन्य जिल्लामा जस्तै यस जिल्लामा पनि निषेधाज्ञा जारी रहेको छ। यसै बीच मिति २०७८-०१-३० गते तदनुसार 13-May-2021 का दिन मुस्लिम धर्मावलम्बीहरुको पवित्र पर्व ईद पर्न गएकोमा विद्यमान महामारीलाई ध्यानमा राखी सो दिन मस्जिद, बजार र अन्यत्र कहि पनि सरोकार स्थानमा भीड भेला जम्मा नभई स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी गराई आ-आफ्नो घरमा बसी सजगता र सतर्कतापूर्वक ईद मनाई जारी कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणमा सहयोग गर्न र सुरक्षित रहन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८-०१-२९ गतेको निर्णयानुसार सम्बन्धित सबैमा सूचित गरिन्छ। यस विपरित भए गरेको पाईएमा संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ लगायत प्रचलित नेपाल कानून बमोजिम कारवाही हुने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

२०७८/१/२९

ध्रुव गिरी
सहायक प्रमुख जिल्ला अधिकारी

प्र. प्रमुख जिल्ला अधिकारी